DAO Kathmandu Reg. No.55-2070/071 SWC Reg. No. 37675

# निर्वाचन पर्यवेक्षण समिति नेपाल
## Election Observation Committee Nepal ( EOC-Nepal)

**प्रेस विज्ञप्ति**

निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी-नेपाल) ले २०७४ मंसिर २१ गते सम्पन्न हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको दोश्रो चरणको निर्वाचनको पर्यवेक्षणको सम्पूर्ण तयारी पुरा गरी सकेको छ । यस संस्थाबाट प्रशिक्षित दिर्घकालिन, अल्पकालिन र विशिष्ट पर्यवेक्षकहरु सम्बन्धित जिल्लाका मतदान केन्द्रमा परिचालित हुने क्रम जारी छ ।

यो निर्वाचन नेपालको संविधान, २०७२ जारी भएपछि पहिलो र ऐतिहासिक निर्वाचन हो। यस निर्वाचनले लोकतन्त्र संस्थागत गर्नलाई सुनिश्चितता प्रदान गर्दछ भन्ने हाम्रो ठहर छ ।

दोश्रो चरणको निर्वाचनकोलागि आज मंसिर १८ गते राति १२ बजेदेखि मौन अवधि सुरु हुदैछ। निर्वाचनमा मौन अवधि अतिनै महत्वपूर्ण र संवेदनशिल मानिन्छ । पछिल्ला दिनहरुमा देशका विभिन्न स्थानमा उम्मेद्वाार लक्षित भएका बम आक्रमणका घटनाले निर्वाचन विरोधि शक्ति सलवलाएको र उम्मेद्वार तथा मतदाताहरु माझ मनोवैज्ञानिक त्रास फैलाउने दुस्प्रयास भएको सर्वत्र महसुस गरिएको छ। यस विशेष परिस्थिति (मौन अवधि) मा निर्वाचन आयोगले मतदाताहरुको मताधिकारको सुरक्षा र मतदाता शिक्षातर्फ विशेष ध्यान दिन, राजनैतिक दलहरुलाई आचारसंहिताको पालनासहित संयमता अपनाउन, सरकार र सुरक्षा निकायलाई उम्मेद्वार र मतदाताहरुको विशेष सुरक्षाको प्रवन्ध मिलाउन साथै सम्पूर्ण मतदाताहरुलाई निर्भयता पूर्वक, उत्साहवर्धक रुपमा जुन सुकै परिस्थितिको पनि शान्तिपुर्ण ढंगले सामना गर्दै निर्वाचनमा सहभागि भई आफ्नो मताधिकारको उपयोग गर्न र लोकतन्त्रको संस्थागत विकासमा आफ्नो सहभागितालाई सुनिश्चित गर्न निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी-नेपाल) हार्दिक आवहान गर्दछ।

Pradeep.

प्रदिप पोखरेल

अध्यक्ष